# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, प्यूठान
लुम्बिनी प्रदेश

प.स. २०७९/०८०
च.न.

## सेवा करारमा लिने सम्वन्धी सुचना।

सुचना प्रकाशन मितिः२०७९/०५/१६

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/५/५ गतेको बैठकको निर्णय अनुसार सरुमारानी गाउँपालिका वा अन्तर्गत कामकाज गर्नको लागी तपशिलको पदमा सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पुर्ण कागजात संलग्न गरी दरखास्त दिनु हुन सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद | सेवा | संख्या |
|---|---|---|---|
| ०५/२०७९-०८० | मेडिकल अधिकृत-अधिकृत स्तर आठौं तह | स्वास्थ्य/ज.हे.स. | १ जना |
| ०६/२०७९-०८० | अ.न.मी- सहायक स्तर चौथो | स्वास्थ्य/क.न. | ३ जना |
| ०७/२०७९-०८० | अ.हे.ब.- सहायक स्तर चौथो | स्वास्थ्य/हे.ई. | ३ जना |
| ०८/२०७९-०८० | कार्यालय सहयोगी-श्रेणी विहिन | प्रशासन/सा.प्र. | २ जना |

योग्यताः

- नेपाली नागरिक हुनु पर्ने।
- न्युनतम शैक्षिक योग्यताः
  - मेडिकल अधिकृत पदको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरेको, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।
  - अ.न.मी. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको, नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।
  - अ.हे.ब. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. वा सि.एम.ए. कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य ब्यबसायी परिषदमा दर्ता भएको ।
  - कार्यालय सहयोगी पदको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उत्तिर्ण गरेको ।
- उमेरः मेडिकल अधिकृतको लागी २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको, अ.न.मी र अ.हे.ब.पदको लागी १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र कार्यालय सहयोगीको लागी १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेको ।
- दरखास्त दस्तुरः मेडीकल अधिकृतको लागी रु.१०००।- र अन्यको लागी रु ३००।--
- दरखास्त बुझाउने स्थानः सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान।
- दरखास्त दिने अन्तिम मितिः २०७९/०५/३० गते।
- परिक्षाको किसिमः सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ अनुसार छोटो सुची प्रकाशन र अन्तरवार्ता।
- आवश्यक कागजात (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचेको ३ प्रति फोटो (ग) दरखास्त दस्तुर बुझाएको रसिद (घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ङ) तालिम तथा अनुभवको प्रमाण पत्र ।
- छोटो सुची प्रकाशन गर्दा अन्तरवार्ताको मिति तय गरिनेछ।
- करार र सेवा सुविधा अवधिः गाउँपालिकाको नियमानुसार।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

*द्रष्टव्यः- अन्य आवश्यक जानकारीको लागी कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको सम्पर्क नं. ९८५७८३६०२२ मा सम्पर्क गर्नु होला।*